# बेनी नगरपालिकाको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक

<u>प्रस्तावनाः</u> बेनी नगरपालिकाले चालु आर्थिक वर्षका लागि अनुमानित अल्या रकम अनुमान गरेभन्दा बढी हुन गएकोले चालु आर्थिक वर्षमा थप आयोजना तथा कार्यक्रममा विनियोजन गरी खर्च गर्न र गत आर्थिक वर्षमा दायित्व सरी आएका आयोजनाको भुक्तानीको लागि स्रोत व्यवस्थापन गर्न बेनी नगरपालिकाको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्नु बाञ्छनीय भएकोले बेनी नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनबाट यो विधेयक तर्जुमा गरिएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> यस ऐनको नाम **बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) ऐन, २०८१** हुनेछ।यो ऐन बेनी नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् प्रारम्भ हुनेछ ।

२. <u>**विनियोजन ऐन, २०८१ को दफा २ मा संशोधनः**</u> विनियोजन ऐन, २०८१ को दफा २ को सट्टा देहायको दफा राखिएको छ ।

आर्थिक वर्ष २०८१।८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालु खर्च र पुँजीगत खर्च समेत गरी जम्मा रकम रु. ७४,७०,९८,३०२।- ( अक्षरुपी चौरहत्तर करोड सत्तरी लाख अन्ठानब्बे हजार तीन सय दुई मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>**विनियोजन ऐन, २०८१ को दफा ३ मा थपः**</u> विनियोजन ऐन, २०८१ को दफा ३ को उपदफा (३) पश्चात् देहाय बमोजिमको उपदफा (४) थप गरिएको छ ।

(४) विनियोजन ऐन अनुसारको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड नगरकार्यपालिकाले तर्जुमा गरी लागू गर्न सक्नेछ ।

४. अनुसूची १ मा संशोधन गरी देहाय बमोजिम कायम गरिएको छ ।

रु. हजारमा

| क्र.स. | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिका, विषयगत शाखा र वडा | ५३३९८३.३०२ | २१३११५ | ० | ७४७०९८.३०२ |

प्रमाणीकरण मितिः २०८१/०९/०४